# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

# प्रेस विज्ञप्ति

२१ असोज, २०७७

## डा.गोविन्द के.सी. सँग भएका सम्झौताहरुको कार्यान्वयन स्थिति सार्वजनिक गर ।

### निजको स्वास्थ्य अवस्था र उचित मागहरुप्रति समयमै संवेदनशील बन ।

लामो समयदेखि चिकित्सा शिक्षा सुधारको लागि नेपाल सरकारसँग विगतमा भएका सम्झौताहरुको कार्यान्वयन लगायतका माग राखी पछिल्लो पटक गत भदौ २९ गतेदेखि आमरण अनसनमा रहेका डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्था अत्यन्त चिन्तजनक बन्दै गैरहेकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

डा. के.सी. को स्वास्थ्य अवस्था सम्बन्धमा आयोगको वागमती प्रदेश कार्यालयको टोलीले आज महाराजगञ्जस्थित शिक्षण अस्पताल पुगी अनुगमन गरेको छ । निजको स्वास्थ्य अवस्था सम्बन्धमा नेपाल सरकारबाट चासोका साथ नहेरिएको अनुगमनको क्रममा पाइएको छ । आयोगले डा. के.सी. को स्वास्थ्य अवस्था एवम् नेपाल सरकारसँग विगतमा भएका सम्झौताहरुको कार्यान्वयन अवस्था सम्बन्धमा जानकारी गराउन नेपाल सरकारलाई पत्राचार गरेको छ ।

चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवा जस्तो आधारभूत मानव अधिकारको विषयमा नेपाल सरकार र डा. के.सी. बिच विगतमा भएका सम्झौताहरुको कार्यान्वयन अवस्था सार्वजनिक गर्न तथा निजको स्वास्थ्य अवस्था र उचित मागहरुप्रति समयमै संवेदनशील बन्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । वार्ता र संवादको माध्यमबाटै कुनै पनि समस्याको समाधान हुने भएकोले त्यसतर्फ समयमै सार्थक पहल गरी निजको जीवन रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आफ्ना मागहरु पूरा गराउन आमरण अनसन जस्तो जीवन नै जोखिममा पर्न सक्ने जटिल विकल्प नरोज्न पनि आयोग अनसनरत डा. केसीलाई आग्रह गर्दछ ।

.......................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618015010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org